मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

भू-क्षयबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २८ ◆ अङ्क : २१८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० असार ११ गते सोमबार (Monday, June 26. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

हुलाकमा ताला

सुनिता राई

इलाम, असार ११। जिल्ला हुलाक कार्यालय इलाममा तालाबन्दी भएको छ ।

सरकारले आगामी श्रावण १ देखि अतिरिक्त हुलाक खारेज गर्ने घोषणा गरेपछि अन्दोलित अतिरिक्त हुलाकका कर्मचारीले आइतवार जिल्ला हुलाक कार्यालय इलाममा तालाबन्दी गरेका हुन् । सरकारको निर्णयले लामो समयसम्म गरेको सेवाको मूल्यांकन विना काम छाड्नु परेको भन्दै उनीहरु चरणवद्ध आन्दोलनमा उत्रिएका हुन् । इलामका ४० अतिरिक्त हुलाकमा १५७ कर्मचारी सरकारी निणर्यको मारमा छन् ।

५० वर्ष काम गरेपछि खालीहात जागिरबाट निकालिएको गुनासोसहित नेपाल अतिरिक्त हुलाक कर्मचारी एशोसिएसन इलामको अगुवाईमा सदरमुकाममा भेला भएका कर्मचारीहरुले यसअघि नै जिल्ला हुलाक कार्यालय र जिल्ला प्रशासन कार्यालयमा धर्ना दिनुका साथै प्रमुख जिल्ला अधिकारी र हुलाक प्रमुखलाई ज्ञापन-पत्र समेत बुझाएका थिए ।

आधुनिक सञ्चारको विकास नभएको बेलादेखि अहिलेसम्म अनवरत संघर्ष गरेको योगदानलाई कतै कदर नगरेको एशोसिएशनका जिल्ला अध्यक्ष लीलानाथ लम्सालले बताए । नेपाल सरकारले आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यमा साउन १ गतेदेखि लागू हुने गरि देशभरका अतिरक्त हुलाक खारेज गर्ने जनाएको हो । अतिरिक्त हुलाक खारेज हुँदा देशभरमा ११ हजार कर्मचारी रित्तो हात घर फर्कनु पर्नेछ ।

चैतेधानः दोब्बर मूल्य

मोरङ, असार १०। गत वर्षभन्दा यस वर्ष चैतेधानको मूल्य दोब्बर भएपछि मोरङका किसान उत्साहित भएका छन् ।

गतवर्ष मनको रु. पाँच सय ५० देखि रु. छ सयसम्म मूल्य पाएको चैतेधानले यस वर्ष रु. एक हजार एक सयदेखि रु. एक हजार दुई सय ५० सम्ममा कारोबार भइरहेको छ । चैतमा रोपेर असारमा काटिने चैतेधानलाई खेतमै पुगेर व्यपारीले राम्रो मूल्य दिन थालेपछि उत्साहित बनेको मोरङ बेलबारी-११का भगीरथ घिमिरेले बताए । यसअघिका वर्षमा चैतेधानले किसानको उत्पादन गर्दा

(बाँकी अन्तिम पृष्ठमा)

झापाका पालिकाको बजेट १३ अर्ब ६६ करोड

झापा, असार १०। आगामी आर्थिक वर्ष २०८०/०८१का लागि झापाका १५ वटै पालिकाले बजेट प्रस्तुत गरेका छन् ।

झापाका पालिकाहरुले कूल बजेट १३ अर्ब ६६ करोड २४ लाख रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेका हुन् । यो बजेटको अंकमा स्थानीय सरकारको आन्तरिक आम्दानीसहित प्रदेश र संघीय सरकारले दिने विभिन्न शीर्षकका अनुदान पनि जोडिएको हो ।

झापाका पालिकामा सबैभन्दा बढी दमक नगरपालिकाले एक अर्ब ८४ करोडको बजेट प्रस्तुत गरेको छ भने सबैभन्दा कम हल्दिवारी गाउँपालिकाले ४७ करोड ७४ लाख ३० हजार रुपैयाँको बजेट प्रस्तुत गरेको छ ।

प्रस्तुत गरिएको नीति कार्यक्रम तथा बजेटमा पूर्वाधार क्षेत्रको विकास सहित कृषि , स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राखिएको छ । संविधानमा स्थानीय तहले असार १० गतेभित्र नीति कार्यक्रम तथा बजेट ल्याउनु पर्ने प्रावधान छ । सोही अनुरुप झापाका सबै पालिकाले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै बजेट ल्याएका हुन् ।

बिर्तामोडको बजेट १ अर्ब ४० करोड

बिर्तामोड नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१को बजेट १ अर्ब ४० करोड ९५ लाख ५० हजार रुपैयाँको ल्याएको छ ।

नगरपालिकाको दोश्रो नगरसभाको तेश्रो नगर अधिवेसन अन्तर्गतको प्रथम बैठकमा नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले बजेट प्रस्तुत गरे । उक्त बजेटमध्ये आयतर्फ संघीय समानीकरण अनुदानबाट २० करोड ३६ लाख, संघीय सरकार राजश्व बाडफाँडबाट १३ करोड १६ लाख ९२ हजार, प्रदेश समानीकरण अनुदानबाट १ करोड ३४ लाख ४ हजार, प्रदेश राजश्व बाँडफाँडबाट १ करोड १९ लाख ७५ हजार रुपैयाँ रहेको छ ।

यसैगरी नगरपालिकाको आन्तरिक आय र मालपोत रजिष्ट्रेशन शुल्क समेतबाट गरी जम्मा ३२ करोड, संघीय सशर्त अनुदान चालूतर्फ २९ करोड ६ लाख तथा पुँजीगततर्फ ३६ करोड ७६ लाख, संघीय विशेष अनुदान २ करोड र समपूरक अनुदान ६५ लाख तथा प्रदेश सशर्त अनुदान ६२ लाख २५ हजार, समपूरक अनुदान १ करोड २९ लाख ५१ हजार रुपैयाँ बजेट प्राप्त हुने नगर उपप्रमुख संग्रौलाले प्रस्तुत गरेको बजेटमा उल्लेख छ ।

नगरपालिकाले चालू आर्थिक वर्ष ०७९/०८० को लागि कूल १ अर्ब ३८ करोड ३५ लाख ४ हजार ४ सय ९० रुपैयाँ (सामाजिक सुरक्षाको बजेट समेत) को बजेट ल्याएको थियो । बजेट संघ तथा प्रदेशबाट प्राप्त हुने सशर्त बजेट, समपूरक अनुदान र विशेष अनुदानका योजना तथा कार्यक्रमहरु र सशर्तमा तोकिएका योजना तथा कार्यक्रममा खर्च हुने जनाइएको छ ।

नगरपालिकाले कृषि क्षेत्रमा १ करोड, पशुपन्छी तथा मत्स्य विकासमा ७५ लाख, शिक्षा क्षेत्रमा २ करोड ५० लाख, स्वास्थ्य क्षेत्र नगर अस्पताल तथा विपन्न नागरिकहरुको स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन समेतमा ३ करोड २० लाख, मर्मत सम्भार कोष र सडक सुधारमा २ करोड, महिला, बालबालिका, अपाङ्ग ज्येष्ठ नागरिक, दलित, मधेशी, जनजाति, अदिवासी समेतलाई लक्षित कार्यक्रममा १ करोड, लघुउद्यम विकास, सहकारी युवा तथा खेलकुद कार्यक्रममा ७० लाख, फोहोरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापनमा २ करोड ५० लाख, देवीहाट बुधाबारे बजारमा बहुतले व्यवसायिक भवन निर्माण, नगरको प्रशासनिक भवन निर्माण तथा अन्य पूर्वाधार निर्माणमा साझेदारी गर्न समपूरक कोषमा ५ करोड ५० लाख, लोककल्याणकारी सूचना सन्देश विज्ञापन र सचेतनामूलक कार्यक्रमहरुमा ५० लाख, नगरस्तरीय नगरगौरव योजना, वडास्तरीय योजना तथा बहुवर्षे क्रमागत योजना समेतमा २२ करोड रुपैयाँ बिनियोजन गरेको छ ।

कुन पालिकाको बजेट कति ?

स्थानीय तह	बजेट
बिर्तामोड नगरपालिका	१ अर्ब ४० करोड
भद्रपुर नगरपालिका	८५ करोड ६७ लाख ३ हजार
मेचीनगर नगरपालिका	१ अर्ब ५१ करोड १२ लाख
कनकाई नगरपालिका	६७ करोड ८७ लाख २४ हजार
अर्जुनधारा नगरपालिका	७६ करोड ११ लाख ८० हजार
गौरादह नगरपालिका	७९ करोड ९२ लाख ६७ हजार
शिवसताक्षी नगरपालिका	१ अर्ब २२ करोड
दमक नगरपालिका	१ अर्ब ८४ करोड १२ लाख
कचनकवल गाउँपालिका	६३ करोड १ लाख १० लाख
हल्दिवारी गाउँपालिका	४७ करोड ७४ लाख ३० हजार
बाह्रदशी गाउँपालिका	४९ करोड ८८ लाख ४० हजार
झापा गाउँपालिका	४९ करोड ९० लाख १७ हजार
कमल गाउँपालिका	७२ करोड २१ लाख ८८ हजार
गौरीगञ्ज गाउँपालिका	५२ करोड ९२ लाख ४९ हजार
बुद्धशान्ति गाउँपालिका	६० करोड ७७ लाख ४७ हजार

नगरपालिकाले व्यवसायीहरुलाई व्यवसाय करको दायराभित्र ल्याउन एकपटकको लागि आन्तरिक राजश्व कार्यालयमा दर्ता भई बिर्तामोड नगरपालिकामा व्यवसाय दर्ता नभएका र दर्ता भई नवीकरण हुन बाँकी रहेका उद्योग/फर्म/कम्पनीलाई ३ वर्ष वा सोभन्दा माथिको वक्यौता कर तिर्नुपर्ने रहेछ भने ३ वर्षसम्मको हकमा १ वर्षको कर र ३ वर्षमाथिको बक्यौता हुनेको हकमा २ वर्षको कर लिई आ.व. २०८०/८१ को श्रावणदेखि कात्तिक महिनासम्मका लागि (एकपटक दर्ताका लागि) समय उपलब्ध गराउने जनाएको छ । उक्त अवधिमा समेत दर्तामा नआउने फर्म/कम्पनीलाई बुझाउनु पर्ने सम्पूर्ण करको अतिरिक्त शतप्रतिशत जरिवाना गरी असुल उपर गरिने नगरपालिकाले बजेटमा उल्लेख गरेको छ ।

भद्रपुर : बजेटको आकार साढे ५ करोडले घट्यो

भद्रपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१को नीति तथा कार्यक्रमसहितको प्रस्तावित बजेट सार्वजनिक गरेको छ ।

नगरपालिकामा शनिवार बसेको नगरसभाको १२औं अधिवेशनले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमसहितको प्रस्तावित बजेट बहुमतले पारित गरेको हो । नगरपालिकाको चालू आर्थिक वर्ष २०७९/०८०मा ९१ करोड ३४ लाख २३ हजार अनुमानित बजेट रहेकोमा आगामी आर्थिक वर्ष २०८०/०८१मा ८५ करोड ६७ लाख ३ हजार अनुमानित बजेट नगरपालिकाका उपप्रमुख राधा कार्कीले नगरसभामा सार्वजनिक गरेकी हुन् । चालू आर्थिक वर्षभन्दा आगामी आर्थिक वर्षका लागि ५ करोड ६७ लाख २० हजार रुपैयाँले नगरको बजेट घटेको हो ।

नगरको आगामी आर्थिक वर्षको बजेट अनुसार आर्थिक विकास कार्यक्रमतर्फ ४ करोड ८० लाख, सामाजिक विकास कार्यक्रमतर्फ ३६ करोड २५ हजार, वातावरण तथा विपद् व्यवस्थापन कार्यक्रमतर्फ ५८ लाख, संस्थागत विकास/सेवा प्रवाह/सूचना प्रविधि तथा कार्यालय सञ्चालनतर्फ १५ करोड ८० लाख र पूर्वाधार विकास कार्यक्रमतर्फ २८ करोड ४८ लाख ७८ हजार रुपैयाँ गरी ८५ करोड ६७ लाख ३ हजार अनुमानित बजेट रहेको उपप्रमुख कार्कीले बताइन् ।

उल्लेखित अनुमानित बजेट खर्च व्यहोर्ने स्रोतमध्ये नगरपालिकाको आन्तरिक आय ५ करोड ५० लाख, राजश्व बाँडफाँडतर्फ संघीय सरकारबाट १२ करोड ४४ लाख १० हजार, प्रदेशबाट ८२ लाख, स्थानीयबाट २ करोड ८० लाख ७९ हजार, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमध्ये वित्तीय समानीकरण अनुदानबाट १८ करोड ५८ लाख ११ हजार, समपूरक अनुदानबाट १ करोड ७९ लाख ७८ हजार, सशर्त अनुदानबाट ३१ करोड ७२ लाख २५ हजार, विशेष अनुदानबाट २ करोड र नगरपालिकाको आन्तरिक आय, योजनामा जनसहभागिता, राजश्व बाँडफाँड र वित्तीय हस्तान्तरणबाट अपुग हुने १० करोड बराबरको योजना तथा कार्यक्रमहरू सञ्चालन हुने उनले बताइन् ।

त्यस्तै नगर प्रमुख गणेश पोखरेलले नगरको नीति तथा कार्यक्रमको बारेमा जानकारी गराएका थिए । सीमित स्रोत साधनका बीच नगरवासीको प्राथमिकतामा आधारित नीति तथा कार्यक्रम बनाइएको नगर प्रमुख पोखरेलले बताए । सामाजिक विकास क्षेत्रमध्ये शिक्षा र स्वास्थ्य तथा पूर्वाधार क्षेत्रबाहेक कृषि र पशु सेवा क्षेत्रलाई समेत प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याइएको उनको भनाइ छ । सो कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेककुमार रेग्मीले सहजीकरण गरेका थिए ।

दमकको बजेट १ अर्ब ८४ करोड

दमक नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१का लागि कूल बजेट १ अर्ब ८४ करोड १२ लाख ३९ हजार सार्वजनिक गरेको छ ।

जसमध्ये चालू खर्चतर्फ १ अर्ब १ करोड ९४ लाख ९७ हजार (५५.३७ प्रतिशत) र पुँजीगत खर्चतर्फ रु ८२ करोड १७ लाख ४२ हजार (४४.६३ प्रतिशत) बजेट विनियोजन गरिएको तेह्रौं नगरसभामा नगरकी उप प्रमुख रेगिना भट्टराईले बजेटसहितको नीति तथा कार्यक्रम सार्वजनिक गरेकी हुन् ।

प्रसाईले प्रस्तुत गरेको बजेटमा खर्च व्यहोर्ने श्रोततर्फ नगरपालिकाको आन्तरिक आयबाट रु. २४ करोड ९४

(बाँकी अन्तिम पृष्ठमा)

युट्युबर राजकुमार पक्राउ

काठमाडौं, असार १०। वानएक्स बेटको प्रचार गरेको आरोपमा अर्का युट्युबरलाई पनि प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले युट्युबर राजकुमार तामाङलाई पक्राउ गरेको हो । उनी युट्युबमा राजकुमार थापा मगरको नामबाट परिचित छन् ।

काभ्रे घर भई काठमाडौंको बुढानिलकण्ठ बस्ने २२ वर्षीय उनलाई प्रहरीले कपनबाट गतशुक्रबार पक्राउ गरेको हो ।

(बाँकी अन्तिम पृष्ठमा)

स्कुटर चोर्ने पक्राउ

खोटाङ, असार १०। भक्तपुर नगरपालिका-१० कमलबिनायक पाइपलाइनमा पार्किङ गरी राखिएको बा.८१ प ८७६६ नम्बरको स्कुटर चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा खोटाङ दिक्तेल डाँडागाँउ गाउँपालिका घर भई भक्तपुर कमलबिनायक बस्ने १४ वर्षीय किशोरसहित

(बाँकी अन्तिम पृष्ठमा)

सहाराको प्रगतिः शेयरपुँजी एक अर्ब ६३ करोड, शेयर सदस्य एक लाख ५८ हजार ८३९

लक्ष्मी भण्डारी

झापा, असार १०। झापाको बिर्तामोड-२ चारपानेमा मुख्य कार्यालय रहेको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शेयरपुँजी एक अर्ब ६३ करोड ६४ लाख २१ हजार पाँच सय रुपैयाँ पुगेको छ ।

सहारा नेपाल साकोसका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीले दिएको जानकारी अनुसार ०८० जेठ मसान्तसम्ममा संस्थाको शेयरपुँजीको रकम सो अंकमा पुगेको हो । सहाराका कूल शेयर सदस्य संख्या एक लाख ५८ हजार आठ सय ३९ पुगेका छ ।

संस्थाले जेठ मसान्तसम्म अर्थात् ११ महिनाको प्रगति विवरण सार्वजनिक गरेको छ । संस्थाको जगेडा कोष १ अर्ब ११ करोड २१ लाख ६६ हजार आठ सय ४० रुपैयाँ पुगेको छ । कूल बचत १० अर्ब ९० करोड ७२ लाख ६ हजार एक सय ७० रहेको छ भने लगानीमा रहेको ऋण ११ अर्ब पचास करोड ६० लाख १० हजार सात सय दुई रुपैयाँ रहेको कार्यकारी प्रमुख गिरीले जानकारी दिए । संस्थाको कूल ऋणी सदस्य ७९ हजार पाँच सय १३ जना रहेका छन् ।

त्यस्तै कूल संस्थागत पुँजी एक अर्ब १३ करोड ७९ लाख ८४ हजार ६ सय २७ रुपैयाँ रहेको छ । विभिन्न कोषहरुको जम्मा रकम ४३ करोड ६१ लाख २१ हजार आठ सय ३२ रुपैयाँ पुगेको छ । संस्थाको कूल सम्पत्ति १५ अर्ब ४५ करोड १६ लाख २९ हजार पाँच सय रहेको छ । तरलता रकम भने दुई अर्ब ७६ करोड ९७ लाख २५ हजार तीन सय ७६ रुपैयाँ रहेको छ । तरलता प्रतिशत २५.३९ रहेको संस्थाका निर्देशक लक्ष्मण खतिवडाले बताए । संस्थाको बाह्य ऋण ६२ करोड १५ लाख ५८ हजार नौ सय ५१ रुपैयाँ रहेको जनाइएको छ ।

फल्याट भाडामा

कार्यालय तथा आवासका लागि व्यवस्थित फल्याट भाडामा । सुरक्षित कम्पाउण्ड र पार्किङसहित ।

बाल्मीकि स्कूल बिर्तामोड छेऊ

मो. ९८२३७२६९७९

नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

झापाका ...

लाख ९२ हजार र दमक अस्पतालको आन्तरिक आयबाट रु. ३१ करोड रकम व्यहोरिने छ भने संघीय सरकारको अनुदान ९५ करोड ८९ लाख र प्रदेश सरकारको अनुदान ४ करोड ८ लाख ८८ हजार प्राप्त हुने छ। राजश्व बाँडफाइबाट रु. २७ करोड १९ लाख ५९ हजार र जनसहभागितावाट रु. १ करोड रकम व्यहोर्ने गरी प्रस्ताव गरिएको छ। नगरले सार्वजनिक गरेको नीति तथा कार्यक्रम एवम् बजेटमा नगरपालिकाले शिक्षाका लागि बजेट बृद्धि गरेको छ। चालू आर्थिक वर्षमा शिक्षा सुधारका लागि एक करोड बजेट छुट्याइएकोमा आगामी आर्थिक वर्षका लागि ४ करोड ८४ लाख ९० हजार बजेट प्रस्तुत भएको छ। यस्तै अन्तर सरकारी बित्तीय हस्तान्तरणसहित गरी दमकमा शिक्षामा कूल ३७ करोड ६९ लाख ८४ हजार बजेट प्रस्ताव गरिएको छ।

मेचीनगरको बजेट १ अर्ब ५१ करोड १२ लाख

मेचीनगर नगपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित बजेट नीति तथा कार्यक्रमका लागि १ अर्ब ५१ करोडभन्दा बढीको अनुमानित बजेट प्रस्ताव गरेको छ ।

नगरपालिकाको आर्थिक विधेयक २०८०को विनियोजन विधेयक प्रस्तुत गर्दै उपप्रमुख मीना पोखरेल उप्रेतीले कूल १ अर्ब ५१ करोड १२ लाख ४० हजार ३ सय ६७ रुपैयाँ भएको बताइन्। उनले विपद् कोषका लागि १ करोड तथा मर्मत सम्भार कोषमा २ करोड रुपैयाँ विनियोजन प्रस्ताव गरिएको बताएकी थिइन्। आन्तरिक आय १२ करोड ८७ लाख, राजश्व बाँडफाँड १८ करोड ९९ लाख १७ हजार समानीकरण अनुदान १५ करोड ६१ लाख ७५ हजार र स्थानीय राजश्व बाँडफाँडमा ३ करोड रुपैयाँको बजेट पेश गरेकी थिइन्।

चालू खर्चतर्फ ८५ करोड ७ लाख ७ हजार रुपैयाँ वा कूल बजेटको ५६ दशमलव २९ प्रतिशत पुँजीगत खर्चतर्फ ६५ करोड ८० लाख ३३ हजार ३ सय ६७ रुपैयाँ, वित्तीय व्यवस्थातर्फ २५ लाख रुपैयाँ गरी कूल १ अर्ब ५१ करोड १२ लाख ४० हजार ३ सय ६७ रुपैयाँ बराबरको अनुमानित बजेट रहेको छ।

नगर उपप्रमुख उप्रेतीले चालू खर्चतर्फ ८५ करोड ७ लाख, ७ हजार रुपैयाँ, पुँजीगत खर्चतर्फ ६५ करोड ८० लाख ३३ हजार ३ सय ६७ रुपैयाँ, वित्तीय व्यवस्थातर्फ २५ लाख रुपैयाँ गरी कूल १ अर्ब ५१ करोड १२ लाख ४० हजार ३ सय ६७ रुपैयाँ बराबरको अनुमानित बजेट प्रस्तुत गरेकी थिइन्।

कृषितर्फ करिब २ करोड ४८ लाख र पशु विकासतर्फ ४६ लाख गरी आर्थिक विकासका विभिन्न क्षेत्रमा ५ करोड ९३ लाख ८४ हजार रुपैयाँ बराबरको बजेट विनियोजन गरिएको छ। शिक्षातर्फ ४२ करोड ७८ लाख छुट्याइएको छ भने स्वास्थ्यतर्फ ७ करोड ४ लाख रुपैयाँ विनियोजन प्रस्ताव गरिएको छ।

त्यसैगरी सामाजिक सुरक्षामा करिव १ करोड २२ लाख ७० हजार, युवा खेलकुदमा १ करोड ४५ लाख, खानेपानीमा ८३ लाख, लैगिक समानता र समावेशीकरणमा ७७ लाख गरी सामाजिक विकासतर्फ कूल ५४ करोड ८८ लाख रकम विनियोजन प्रस्ताव गरिएको छ। सडक यातायात भवन आवास लगायतकापूर्वाधारमा करिव ६४ करोड रुपैयाँ विनियोजन प्रस्ताव गरिएको छ। त्यस्तै सुशासन तथा यससँग सम्बन्धित क्षेत्रमा २ करोड ९ लाख रुपैयाँ र कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ २४ करोड २६ लाख रुपैयाँ हारहारीमा रकम छुट्टिएको छ।

नदी जन्यपदार्थको विक्री वितरणबाट करिव ३ करोड रुपैयाँ तथा घरजग्गा रजिस्ट्रेशनबाट समेत आय हुने अनुमान गरिएको छ। संघीय सांसद् विश्वप्रकाश शर्माको प्रमुख आतिथ्यमा नगरसभाको तेस्रो अधिवेशन उद्घाटन गरिएको थियो। जामुनको विरुवा रोपेर उद्घाटन भएको नगरसभामा नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले कार्यक्रमको अध्यक्षता गर्दै नगरपालिकाको दोस्रो नगर सभाको तेस्रो अधिवेशनको प्रथम वैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए।

समृद्ध बाह्रदशीको आधार, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार

बह्रदशी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१का लागि ४९ करोड ८८ लाख ४० हजार ६ सय रुपैयाँ बरावरको बजेट सार्वजनिक गरेको छ।

समृद्ध बाह्रदशीको आधार, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार भन्ने मूल नाराका साथ गाउँपालिकाको तेह्रौं गाउँसभाले बजेट सार्बजनिक गरेको हो। गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाँईले गाउँसभाबाट विनियोजित बजेट सार्वजनिक गरेका थिए।

गाउँपालिकाले सार्वजनिक गरेको बजेटमा गाउँपालिकाको चालू तथा प्रशासनिक खर्च ६ करोड ९७ लाख ३० हजार रुपैयाँ, ७ वटै वडाको चालू तथा प्रशासनिक खर्च २ करोड २४ लाख, शिक्षा शाखातर्फको प्रशासनिक खर्च तीन लाख ४० हजार, स्वास्थ्य शाखातर्फको प्रशासनिक खर्च ६ लाख ४२ हजार, कृषि शाखा तर्फको प्रशासनिक १ लाख २० हजार, पशुपक्षी शाखातर्फको प्रशासनिक खर्च एक लाख २० हजार, आयुर्वेद शाखाका लागि १ लाख २० हजार प्रशासनिक खर्च छुट्याइएको छ।

आर्थिक विकासतर्फ ११ करोड ९० लाख, संस्थागत तथा क्षमता विकासतर्फ ५४ लाख, सामाजिक विकासतर्फ ४ करोड २७ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ। वन वातावरण/विपद् व्यवस्थापनका लागि १८ लाख र भौतिक पूर्वाधार विकासतर्फ ३ करोड २५ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन भएको हो। गाउँपालिका उपाध्यक्ष शान्ता देवी शिवाकोटी खरेलले बजेट तथा कार्यक्रम तर्जुमा विषयमा वडा नम्बर ४का अध्यक्ष महताव आलमले विचार राखेका थिए।

आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम अध्यक्ष चम्लागाँईले सभामा प्रस्तुत गरेका थिए। गांगाराम धिताल र युवराज ढकालले अध्यक्षले प्रस्तूत गरेको नीति तथा कार्यक्रममाथि धारणा रखेका थिए। कार्यक्रमको सहजीकरण प्रमुख प्रशासकीय अधिकृत सोमराज थापा र योजना अधिकृत तेजप्रसाद रेग्मीले गरेका थिए।

हल्दिबारीद्वारा ४७ करोड ७४ लाख

झापाको हल्दिबारी गाउँपालिकाको १५ औ गाउँसभाले आर्थिक बर्ष २०८०/०८१ का लागि ४७ करोड ७४ लाख ३० हजार चार सय रूपैयाँको बजेट प्रस्तुत गरेको छ।

कोशी प्रदेश सभा ३ (२) का सदस्य छबिलाल चुडालको प्रमुख आतिथ्यमा भएको गाउँसभाले आइतबार उक्त बजेट सार्वजनिक गरेको हो। हल्दिबारी गाउँपालिका अध्यक्ष रवीन्द्र लिङ्देनले सभा सञ्चालन गरेका हुन्।

गाउँसभाको १५औ पहिलो बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समिति सदस्य तथा हल्दिबारी गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मीदेवी मैनालीले बिनियोजन विधियक २०८० सभामा पेश गरेकी थिइन्। आगमी आर्थिक वर्ष २०८०/०८१को लागि ४७ करोड ७४ लाख ३० हजार चार सय रूपैयाँको अनुमानित बजेट उपाध्यक्षले प्रस्तुत गरेकी हुन्। गाउँपालिकाको चालूआर्थिक वर्ष ०७९/०८०मा ४६ करोड ४३ लाख ४४ हजार ६७० रूपैयाँको अनुमानित बजेट रहेकोमा आगामी आर्थिक वर्षका लागि १ करोड ३० लाख ८५ हजार सात सय तीस रुपैयाँ बढी बजेट ल्याएको छ। नीति तथा कार्यक्रम र बजेटमाथिको छलफलको लागि असार १३ गते बिहान ११ बजे बैठक बस्नेगरी पहिलो बैठक समापन भएको छ।

कर्मचारीका छोराछोरी सामुदायिक विद्यालयमा

गौरीगञ्ज गाउँपालिकाको १३औ गाउँसभाबाट आ.व. २०८०/८१को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भएको छ।

गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशीले आ.व.०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेकी थिइन्। गाउँपालिकाको सभाहलमा भएको कार्यक्रममा आ.व. २०८०/८१देखि गाउँपालिकाभरिका सामुदायिक विद्यालयप्रति आम अभिभावकको भरोसा जोगाउन पालिकाभित्रका सम्पूर्ण शिक्षक, कर्मचारी एवम् सार्वजनिक पद धारण गरेका व्यक्तिहरूका छोरोछोरीलाई माध्यमिक तहसम्म सामुदायिक विद्यालयमा पठनपाठन गराइने कार्यलाई कार्यान्वयन गरिने उल्लेख छ। उपाध्यक्ष पुजन न्यौपाने कुवँरले वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरेकी थिइन्।

युट्युबर ...

उनले पनि वान एक्स बेटिङको प्रचार प्रसार गरेको आरोप छ। थापामगर युट्युबमा मोटो-ब्लगिङ गर्थे।

यसअघि प्रहरीले आठ जना कलाकार एवम् युट्युबरलाई पक्राउ गरेको थियो। उनीहरूले वान एक्स बेट खेल्न उक्साउने गर्थे। युट्युबमार्फत प्रोमो कोड प्रयोग गरी भारी छुट पाइने भन्दै बेटिङ खेलाउने काम गरेको आरोप उनीहरूमाथि छ।

खसीको भनेर बाखाको मासु बेच्न लागेपछि...

बर्दिया, असार १०। बर्दियामा खसीको मासुमा मिसावट गरेको भेटिएको छ।

बर्दियाका आठवटै पालिकाभित्रका मुख्य बजारहरूमा खसीको मासुमा मिसावट गरी बेचेको गुनासोका आधारमा अनुगमन गर्दा उपभोक्तालाई ठगी गरेको पाइएको हो।

ठाकुरबाबा नगरपालिका-१ भुरिगाउँ बजारमा बाखाको मासुलाई खसीको मासु भनी बेच्न तयार पार्दै गरेको अवस्थामा अनुगमनमा खटिएको टोलीले शेरअली कुरेसीलाई पक्राउ गरेको छ। टोलीले शेरअली कुरेसी मासु पसलबाट १६ किलो मासु जफत गरेर नष्ट समेत गरेको छ। मासु पसल सञ्चालक कुरेसीलाई १०देखि २० हजार रुपैँयासम्म न्यूनतम् जरिबाना हुनसक्ने सहायक प्रमुख जिल्ला अधिकारी मोहन अर्यालले बताए।

बिहानै बाखा काटेर खसीको मासु भनेर पसलमा बेच्न लैजान तयार बनाइरहेको अवस्थामा अनुगमन टोलीले फेला पारेको हो। उनले खसीको मासु भनेर दाबी गर्दै थिए, अनुगमन टोलीले खसी हो भने खसीको अङ्गजस्तै अण्डकोष खोइ भनेर प्रश्न गर्दा बाखाको छालाभित्र बोसो भरेर डल्लो बनाएर देखाउन थालेपछि प्रमाण फेला परेको उद्योग वाणिज्य संघ ठाकुरबाबाका अध्यक्ष गोविन्दप्रसाद आचार्यले बताए।

यस्तै अर्का मासु पसल सञ्चालक दिनेश विकले पनि दिनेश भाइ समीक्षा फ्रेस हाउसमा खसीको मासु र बाखाको मासु आफूले बेच्ने गरेको स्वीकार गरेका छन्। विकले सरसफाईमा ध्यान नदिएको र बाखाको मासु पनि पाइन्छ भनेर खुलस्त नपारेको, खसीको मासु र बाखाको मासुको मूल्यसूची नटाँसेकोले पहिलोपटकका लागि सचेत गराइएको सहायक प्रमुख जिल्ला अधिकारी अर्यालले जानकारी दिए।

विषेशगरी चाडपर्वको समयमा खसीको मासु अत्यधिक बिक्री हुने गरेको मौकाको फाइदा उठाउँदै मिसावट हुने गरेको छ। मासु काट्नुभन्दा पहिले पशुको स्वास्थ्य परीक्षण गर्नुपर्ने, काटेको मासु चिस्यान' डीप फ्रिज' मा राखेर मात्र बिक्री गर्न पाइने कानूनी व्यवस्था छ। उपभोक्तालाई खसीको भन्दै बाखाका मासु बेच्ने मासु पसल सञ्चालकलाई कडा कारबाही हुनुपर्ने स्थानीयको माग छ।

चैतेधान...

लाग्ने खर्च पनि उठाउँदैन थियो, तर यो वर्ष नसोचेको मूल्य पायौँ- उनले भने।

चैतेधान लगाउने कृषकलाई कोशी प्रदेश सरकारले प्रोत्साहनस्वरुप प्रतिकट्ठा रु. पाँच सय दिने निर्णय गरेको छ। तर, धेरै किसानले यो सुविधा थाहा नभएको जनाएका छन्। एक बिघा जमिनमा चैतेधान लगाउने गरेका बेलबारी-११का दिपेन राईले प्रदेश सरकारको यो निर्णय थाहा नभएको भन्दै त्यो सुविधा पाए किसानलाई राहत हुने बताए।

मोरङमा एक लाख ११ हजार खेतीयोग्य हेक्टर जमिन रहेको छ। यसमध्ये २१ हजार नौ सय हेक्टरमा मात्र चैतेधान लगाउने गरिएको र ८३ हजार तीन सय हेक्टरमा बर्खेधान लगाउने गरिएको कृषि ज्ञान केन्द्र बिराटनगरका प्रमुख रामदेव सिंहले बताए।

स्कुटर...

तीन जना रहेको प्रहरीको भनाइ छ।

उक्त स्कुटर चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त जगातिबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा उनीहरूलाई उक्त स्कुटर चोरी गरी लैजाँदै गरेको अवस्थामा फेला पारी पक्राउ गरेको थियो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय विर्तामोड झापाका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सुचना तथा धितो लिलाम बिक्रीगर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०३/११ गते सोमबार, पूर्वाञ्चल राष्ट्रिय दैनिक)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ताभुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ताफछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, विर्तामोड झापामा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीकोलागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/०४/२२ गते सोमबार,(सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, विर्तामोड, झापामा दिनको ठीक ३ :०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणीः नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०८/१० मा दर्ता नं. २०३१५४/०७५/०७६ मा दर्ता भई नेपाल सरकार आन्तरीक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भद्रपुर झापाबाट मिति २०७७।०६।१९ (मु.अ.कर दर्ता मिति २०७७।०६।१९) मा स्थायी लेखानम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०६५३९१२६ को प्रमाणपत्र प्राप्त **रिशत इन्टरनेशनल प्रा.लि.** । ठेगाना : झापा जिल्ला, विर्तामोड न.पा. वडा नं.२, रामचोक।

संचालक तथा जमानतकर्ता : स्वेता थापा	संचालक तथा जमानतकर्ता : विशाल थापा
(ना.प्र.नं. ०१२८८१३०३ जारी मिति २०६०/०७/१८, प्रतिलिपी जारी मिति २०७६/१२/०५ जारी गर्ने कार्यालय जि.प्र.का.झापा)। ठेगाना : झापा जिल्ला अनारमनी गा.वि.स. ३ (हाल विर्तामोड न.पा. वडा नं. ५)। बुवा : ध्रुव कुमार थापा। ससुरा : गंगा बहादुर थापा। पति : विशाल थापा।	(ना.प्र.न. १२४२४ मोरङ्ग मिति २०५१/०२/१२ जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग, प्रतिलिपी जारी मिति २०७०/११/२९,जारी गर्ने कार्यालय जि.प्र.का.झापा)। स्थायी ठेगाना : मोरङ्ग जिल्ला, बरडंगा गा.वि.स.वडा नं.७ (हाल रतुवामाई न.पा. वडा नं. ७)। हालको ठेगाना : झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ५। बुवा : गंगा बहादुर थापा। बाजे : जंग वीर थापा।

ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. स्वेता थापाको नाममा मालपोत कार्यालय रङ्गेली मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, सिजुवा गा.बि.स वडा नं ८ नक्सा सिट ८प स्थित कि.नं. ३८८ क्षेत्रफल ०-५-०-० (१६९३।२० व.मी.) को घर/जग्गातथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.............१
२. बिशाल थापाको नाममा मालपोत कार्यालय रङ्गेली, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, बरडंगा गा.बि.स वडा नं ७ नक्सा सिट ७ङ स्थित कि.नं. १५८ क्षेत्रफल १-४-१२-२ (८३३८।७७ व.मी.) को घर/जग्गातथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
३ ऋणी **रिशत इन्टरनेशनल प्रा.लि.को** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण।

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ, स्थित कर्जा असुली विभाग र शाखा कार्यालय विर्तामोडबाट** समेत प्राप्तगर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलामहुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखाकार्यालय, विर्तामोडमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८

भद्रपुर नगरपालिकाको कार्यालयको

दरभाउ (टेण्डर) आव्हान सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०।०३।११

यस नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व.०८०।०८१ वर्ष १ (एक) र विज्ञापन करको हकमा ३ बर्षका लागि देहायका ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले प्रथमपटक प्रकाशित मिति सूचनाको शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय र मितिभित्र गोप्य शिलबन्दी दरभाउपत्र (टेण्डर) दाखिला गर्न सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारीका लागि कार्यालयको वेवसाइड www.bhadrapurmun.gov.np वा कार्यालयको सूचना पाटीमा हेर्न हुन वा कार्यालयमा सम्पर्क राख्नु होला।

तपशिल

ठे.नं.	विवरण	ठेक्का अवधि	न्यूनतम ठेक्का अंक रु. (वार्षिक) मूल्य अभिबृद्धि कर वाहेक	दरभाउपत्र फाराम दस्तुर	दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति	दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मिति, समय	दरभाउपत्र फाराम खोलिने मिति र समय
१	चौपाया (पशु) हाट बजार सेवा शुल्क	आ.व. २०८०।८१ १ (एक)बर्षको लागि	७,२०,१०१।००	१,०००।-	१५ औ दिन सम्म २०८०।०३।२५ गते कार्यालय समयसम्म	२०८०।०३।२६ गते १.०० बजेसम्म	२०८०।०३।२६ गते २.०० बजे पछि
२	दैनिक अस्थायी हाट बजार सेवा शुल्क (साविक पृथ्वीनगर गा.वि.स .वाहेक)	आ.व. २०८०।८१ १ (एक)बर्षको लागि	१०,१४,५००।००	१,०००।-			
३	भद्रपुर ८ स्थित अतिथी गृहतर्फ जाने बाटोको पार्किङ शुल्क	आ.व. २०८०।८१ १ (एक)बर्षको लागि	२,६५,५००।००	१,०००।-			
४	जलकर	आ.व. २०८०।८१ १ (एक)बर्षको लागि	१८,७०३।००	१,०००।-			
५	भद्रपुर-५स्थित बसपार्कको पार्किङ शुल्क	आ.व. २०८०।८१ १ (एक)बर्षको लागि	२,१८,०००।००	१,०००।-			
६	विज्ञापन कर	आ.व. २०८०।८१ देखि २०८२।८३ ३ (तिन) बर्षको लागि	५,५१,५५५।६७	१,०००।-			

प्रमुख प्रशासकीय अधिकृत

मखमली महिला बचत तथा ऋण सहकारी संस्था लि.

कार्यालयः मेचीनगर-६, काँकरभिट्टा

फोन नं. ०२३-५६७०९३

ऋण बुझाउन आउने सम्बन्धी ३५ दिने सूचना

यस संस्थाका सेवा केन्द्रबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको ऋण कर्जा तथा बैकिङ सुविधाको साँवा, ब्याज र अन्य दस्तुर समेत यस सहकारी संस्थासँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाएको हुँदा कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी यस संस्थालाई बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा तथा बैक्तिङ सुविधा सम्बन्धी शर्त बन्देज उल्लंघन गरेकोले संस्थामा कर्जा सुरक्षणवापत रोक्का रहेको तपसिल अनुसारको धितो लिलामीका लागि मिति २०८०/ ०१/१४मा १५ दिने सूचना प्रकाशित गरिएको छ। पुनः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थाको कार्यालयमा सम्पर्क राखी संस्थावाट लिएको कर्जा तथा बैकिङ सुविधाको सम्पूर्ण साँवा, ब्याज र अन्य दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। सो म्यादभित्र ऋणीले आफूले लिएको कर्जा तथा बैकिङ सुविधाको सम्पूर्ण साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान नगरेमा सहकारी ऐन २०७४, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, संस्थाको स्वीकृत विनियम २०६५ र कर्जा नीति २०६५ समेतलाई आधार मानी प्रचलित कानून बमोजिम यस संस्थासँग गरेको लिखत अनुसार ऋणी, प्रोपाईटर/ सञ्चालक तथा धितो जमानतकर्ता समेतलाई कालोसूचीमा राखी कानूनी कारवाही गरी संस्थाको लेना रकम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री समेत गरी असुल उपर गरिनेछ। तपसिलमा उल्लेखित धितोको लिलाम बिक्री यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिन पुगेपछि अन्तिमपटक ७ दिने सूचना प्रकाशित गरिने छ। ७ दिने सूचना प्रकाशित गरेको मितिले ७ दिन पश्चात धितो साकार गरी दाखा दर्ता गरिनेछ। पछि तपाइको कुनै उजुर बाजुर लाग्ने छैन।

भाखा नाघेको ऋणीहरुको नामावली

क्र.स	कर्जा नं.	ऋणीको नामथर	ठेगाना	बाबुको नाम	बाजेको नाम	पति /पत्नी	कार्यालय	जग्गाधनीको नाम	जग्गाधनीको बुबाको नाम	जग्गाको ठेगाना	कि.नं.	क्षेत्रफल
१.	BL-404	छुनु गुरुङ	मेचीनगर-६	कुमार राई	जीतबहादुर राई	सागर गुरुङ	काँकरभिट्टा	छुनु गुरुङ	कुमार राई	नकलबन्दा-८	३५४५	०-०-११.५०

आकर्षक घडेरीहरू विक्रीमा

धुलावारीको मुटुमा पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको, बनिदै गरेको फाइभ स्टार होटलको प्राङ्गणमै, अति आकर्षक टुक्रा जग्गाहरु व्यवसायिक प्रयोजनको लागि विक्रीमा छन्। समयमै सम्पर्क गर्नुहोला।

सम्पर्कः whatsapp/Viber
9617736764, 9824012718
Mobile: 9824012718

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वञ्चल

सम्पादकीय

लागूऔषधको भयावहता नियन्त्रण गर

'जीवन बचाऔं' भन्ने नाराका साथ अंग्रेजी सम्वत् अनुसारको जुन २६ मा विश्व लागू पदार्थ तथा अवैध तस्करीबिरुद्धको दिवसका रुपमा मनाइन्छ । लागूऔषधको दुरुपयोग र सम्बन्धित स्वास्थ्य समस्याहरु रोक्न लागूऔषधका प्रभावहरुको जानकारी प्रदान गर्दै अकालमा मृत्युवरण गर्नुपर्ने अवस्थाको अन्त्य गर्न यो दिवस मनाउने गरिएको हो । संयुक्त राष्ट्रसंघको सन् १९८७ को घोषणापत्रका आधारमा मनाइने यो दिवसको मूल उद्देश्य विश्व समुदायलाई लागूऔषधको असर र कारोबारबाट मुक्त गराउनु हो ।

लागूऔषधको प्रयोग अहिले विश्वव्यापी समस्या बनेको छ । ऊर्जाशील उमेर र कार्यक्षमता भएका युवा लागूऔषधको जोखिममा पर्दै गएका छन् । अर्थात् यही उमेरकाहरु लागूऔषधको प्रयोग तथा कारोबारमा संलग्न रहेको तथ्यांकले देखाएको छ । विश्वमा झण्डै दुई लाख मानिस लागूऔषधको प्रयोगकै कारण प्रति वर्ष मृत्युवरण गरिरहेका छन् । छिमेकी देश भारतमै झण्डै आठ करोड युवा लागूऔषधको कुलतमा रहेको तथ्यांक सार्वजनिक भएको छ । भारतसँगको खुल्ला सीमानाका कारण नेपाल पनि यो समस्याको उच्च जोखिममा छ । लागूऔषधको दुरुपयोगले एकातिर आर्थिक क्षति हुन्छ भने अर्कातिर जनस्वास्थ्यमा गम्भीर असर पर्दछ । त्यसैगरी सामाजिक अपराध, हिंसा र अराजकता समेत लागूऔषधकै प्रयोग तथा कारोबारले वर्षेनि बढाइरहेको छ ।

यही संक्रमणको बेला नेपालमा लागूऔषध गाँजा माथिको प्रतिबन्ध हटाइनुपर्ने आवाज चर्को हुँदै गएको छ । जिम्मेवार राजनीतिक दलका प्रभावशाली नेताहरु नै यसको व्यावसायिक खेतीका पक्षमा अभियान नै चलाउँदैछन् । यस्तो बेला हामीकहाँ विभिन्न नामका लागूऔषधहरुको सेवनकर्ता तथा कारोबारीहरु दिनहुँ पक्राउ पनि पर्दैछन् । नेपालको कमजोर राज्यव्यवस्थाको उपयोग गर्दै तस्करहरुको ठूलो सञ्जाल अति संवेदनशील नाका भएरै यसको ओसारपसारमा सक्रिय भइरहेको छ । त्यसले एकदिन हाम्रो युवा, दक्ष तथा ऊर्जावान शक्तिलाई लागूऔषधको प्रभावमा पार्ने निश्चित जस्तो भएको छ । छिट्टै पैसा कमाउने लोभमा, नशाको आकर्षणले हाम्रा सक्रिय जनशक्ति प्रभावित नहोऊन् त्यसका लागि विशेष कानूनको निर्माण गरी लागूऔषधको सेवन तथा कारोबारलाई नियन्त्रण गर्नुपर्छ । अन्यथा स्वच्छन्दता र स्वतन्त्रताका नाममा बढ्ने उदण्डताले हामी र हाम्रो देशको भविष्यलाई अन्धकारमय बनाउने पक्का छ । त्यसलाई रोक्न प्रभावकारी ऐनको निर्माण र प्रभावकारी कार्यान्वयन जरुरी छ ।

पश्चिम बंगाल

वामपन्थीको हारका कारणहरू

तीर्थराज खरेल

सन् २०२१ मे २ भारतका वामपन्थी दलहरूका लागि ऐतिहासिक दिन थियो । पहिलो कुरा उनीहरूले केरलामा विधानसभाको चुनाव जितेका थिए भने दोस्रो कुरा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)को नेतृत्वमा रहेको वाममोर्चाले पश्चिम बंगालको विधानसभा चुनावमा एउटा पनि सिट जितेन । स्वतन्त्र भएपछि पश्चिम बंगालको विधानसभामा एक जना पनि वामपन्थी प्रतिनिधित्व नभएको यो पहिलो पटक थियो । पश्चिम बंगालको राजनीतिमा सबैभन्दा क्रियाशील चार वटा दल वा मोर्चा रहेका छन् । अखिल भारतीय तृणमूल कंग्रेस, भारतीय जनता पार्टी, भारतीय राष्ट्रिय कंग्रेस र भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) अहिले पनि अस्तित्वमा छन् । केन्द्रमा लोकसभाका ४२ सिट र राज्यसभाका १६ सिट रहेको पश्चिम बंगाल राज्यमा एक सदनात्मक १९५ सदस्यीय विधानसभामा २९४ सिटमा निर्वाचन हुन्छ भने एक सिटमा आंग्ल-भारतीय मूलका एक प्रतिनिधि मनोनित गरिन्छन् ।

सन् १९७७ देखि २०११ सम्म साढे तीन दशकदेखि वामपन्थीको सरकार अनवरत चलेको पश्चिम बंगालमा लामो राजनीतिक संघर्षपछि वामपन्थीलाई सत्ताबाट बहिर्गमन गराएकी तृणमुलका नेतृ ममता बनर्जी सन् २००९ मे २२ देखि २०११ मे १९ सम्म देशको केन्द्रीय रेल मन्त्री भइन् । बनर्जीको तृणमुल कांग्रेसले २०११ को विधानसभा निर्वाचनमा १८४ सिट जित्दै बहुमत ल्यायो । २९४ सिटमा १८४ सिट जितेका बनर्जी २०११ मे २० मा बंगालको ११औं महिला मुख्यमन्त्री बनिन् । सन् २०१६ को विधानसभा निर्वाचनमा बनर्जीको तृणमुल कंग्रेसले २९४ सिटमध्ये २११ सिटमा जित निकाल्यो । यो मत परिणाम सन् २०११ मा पाएको भन्दा १७ सिटले बढी थियो । त्यसबेलाको चुनावमा कांग्रेस ४४, सिपिएमले २६ र भाजपाले चार सिट मात्र जितेका थियो । पछिल्लो सन् २०२१ को चुनावमा अखिल भारतीय तृणमूल कंग्रेसले २१५ सिट र भारतीय जनता पार्टी (भाजपा)ले ७७ सिट ल्याएका थिए भने भारतीय राष्ट्रिय कंग्रेस र कम्युनिस्ट पार्टीले कुनै पनि सिट ल्याएनन् ।

नेपालमा वामपन्थी शक्तिको बोलबाला रहेका बेला भारतमा वामविचारधारा बोक्ने राजनीतिक दल कमजोर बन्दै गएका छन् । चुनावी परिणामलाई आधार मान्ने हो भने कम्युनिस्ट पार्टीहरूको जनाधार खस्किँदै जाँदैछ । वामपन्थी दलको प्रभाव केन्द्रदेखि प्रदेशसभासम्म पातलिँदै र कमजोर हुँदै गएको छ । जनाधार र निर्णायक मत नभएकै कारण अन्य राजनीतिक दलले वाम पार्टीसँगको चुनावी तालमेलप्रति चासो कम देखाएका छन् । सन् २००४ को लोकसभा चुनावमा कम्युनिस्ट विचारधारा बोक्ने पार्टीहरूको वाम मोर्चाले भारतीय राष्ट्रिय कंग्रेस नेतृत्वको संयुक्त प्रगतिशील र भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको एनडीएपछि सबैभन्दा बढी सिट जितेर सरकार निर्माणमा निर्णायक शक्ति नै बनेको थियो । चुनावमा यूपीएले २१८ र एनडीएले १८१ सिट जितेका थिए । दुबैको बहुमत नपुगेपछि वाम पार्टीको तेस्रो सहयोगमा यूपीएले मनमोहन सिंहको नेतृत्वमा सरकार बनाएको थियो ।

जसअन्तर्गत भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी), भारतीय कम्युनिस्ट पार्टी (सीपीआई), क्रान्तिकारी समाजवादी पार्टी र अल इण्डिया फरवार्ड ब्लक थिए । यद्यपि, अमेरिकासँगको आवणिक सम्झौतापछि वाममोर्चाले कार्यकाल पूरा हुनुअघि नै मनमोहन सिंह नेतृत्वको सरकार छाडेको थियोरु। कतिपय राजनीतिक विश्लेषकहरूले वाममोर्चाको उक्त निर्णय नै आत्मघाती भएको टिप्पणी गरेका थिए । हुन पनि त्यसपछि वाममोर्चा कहिले पनि सत्तामा साझेदारी गर्ने हैसियत बनाउन सकेन । त्यसपछि सन् २००९ मा भएको चुनावमा वाममोर्चा मात्र २९ सिटमा खुम्चिएको थियोरु। अघिल्लो चुनावमा ४३ सिट जितेको भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) एक्लैले २७ सिट गुमाएको थियोरु। वामशक्तिहरूको ओरालो लाग्ने क्रम सन् २०१४ मा पनि जारी रह्यो । उक्त चुनावमा वाम पार्टीहरूले ११ सिट मात्र जित्न सफल भए । पश्चिम बंगाल नेपालसँग सीमा जोडिएको राज्य हो र त्यहाँको राजनीतिक फेरबदलले नेपालमा प्रत्यक्ष प्रभाव पार्दछ ।

पश्चिम बंगालमा साढे तीन दशक शासन गरेका वामपन्थीले २१औं शताब्दीमा शर्मनाक हार व्यहोर्नुका पछि के-के कारण छन् ? के नेपालका वामपन्थीका लागि पनि त्यस्तै दुःखदायी नियति नेपालमा दोहोरिन सक्छ ? भारतीय कम्युनिस्टको चुनावी हारको समीक्षाबाट नेपालका वामपन्थीका लागि केही शिक्षा प्राप्त हुन सक्छन् ?

वाम पार्टीहरू कमजोर हुँदै जानुमा पश्चिम बंगालको तीन दशकभन्दा बढी समयको शासन र विशेषगरी घुसखोर, एकलकाँटे नेतृत्वका कारण आज वामपन्थीको यो हविगत भएको हो । सन् २०११ देखि शुरु भएको हारको श्रृंखलाको कारण खोजी गर्ने, समस्या निराकरणका मार्ग पहिल्याउने र लिएका नीतिको पुनरावलोकन गरी तिनीहरूलाई जनपक्षीय, युगसापेक्ष बनाउने बाटोमा भारतीय कम्युनिस्ट सोचिरहेका छैनन् र आलोचना-आत्मालोचनाको माध्यमबाट सच्चिन तयार देखिन्नन् ।

विपक्षीलाई कम आँक्नु, उदार र जनपक्षीय नीति नलिनु र वैचारिक क्षमता र क्रियाशीलताका हिसाबले असान्दर्भिक भइसकेका नेतालाई विदाइ नगर्नु नेपाली वामपन्थीसँग मिल्ने विशेषता हुन् । निरन्तरको चुनावी हारका पछि पार्टीका गलत नीतिसँगै विरोधीहरूका नीति तथा चुनावी प्रचार शैली पनि जिम्मेवार हुन्छन् । भारतीय वामपन्थीप्रति जनताको विश्वासमा क्षयीकरण भएको विषयलाई हल्काफुल्का सम्झनु गलत हुने सोच नेतामा आएन । ठूला-ठूला संघर्षका कहर काटेर खारिएर आएका नेताहरू पनि जनतासँग अलगथलग हुने नीतिकै कारण पार्टीलाई पुनर्जागृत गर्न र संगठनहरूलाई सबलीकरण गर्न कुनै प्रयत्न गर्न सकिरहेका छैनन् । नेताको कार्यकर्ता, पार्टी समर्थक र जनस्तरमा सम्बन्ध स्थापित गर्न जति आवश्यक छ, त्यति नै कार्यकर्ताको सबैभन्दा पददलित, पेलिएका, थिचिएका र अन्यायमा पारिएकासँग सम्बन्ध दरिलो बनाउनु त्यतिकै आवश्यकता हुन्छ, तर यो सच्चाइलाई आत्मसात नगर्ने दलहरू जनस्तरबाट बढारिन्छन् ।

उनीहरूले अन्य बुर्जुवा पार्टीहरूले गरे जस्तै परम्परागत काम गरे । जनताले सिद्धान्त र व्यवहारको तालमेल भए/नभएको हेर्छ, त्यसैले बुर्जुवा दलले सरकार बनाएका अन्य राज्यको जति पनि विकासका सूचक पश्चिम बंगालको हुन नसक्नुले उनीहरूमा नीतिगत स्पष्टता र व्यावहारिक प्रष्टता छैन भन्ने बुझिन्छ । भारतमा यतिबेला सबै दलहरू मिसन-२०२४ मा अर्थात् २०२४ मा हुने लोकसभाको चुनावको तयारीमा छन् । भारतीय जनता पार्टी हिन्दूवादी शक्ति, हिन्तुत्वको तागत, राष्ट्रिय स्वयम्सेवक दलसँगको गठजोडलाई दरो बनाउन लागिरहेको छ भने अन्य दलहरू भाजपाबिरुद्ध राष्ट्रिय रूपमा महागठबन्धन बनाएर चुनावमा सरिक हुनुपर्ने तयारीका लागि बैठक बसिरहेका छन् । यो सन्दर्भमा भाजपाइतर क्षेत्रीय तथा राष्ट्रिय शक्तिहरूको पटना बैठक सम्पन्न भइसकेको छ र भाजपाबिरुद्ध एकजुट हुने घोषणासहित उनीहरू अर्को बैठकको मिति तोकेर उठेका छन् ।

नेतृत्वको संकटका कारण पनि भारतीय वामपन्थीको यो प्रतिकूल परिस्थिति आएको हो । धरातलमा रहेका भूइँमान्छेका मनमा नेताप्रति विश्वासको क्षय भएको साँचो हो । वामपन्थी दलहरूका नीति तथा नेतृत्व मात्र चुनावी हारका लागि जिम्मेवार छैनन्, ध्रुबीकरणका कारण पनि वामपन्थीलाई धक्का लागेको हो । भाजपा समर्थक वा विरोधी भनेर दुई ध्रुबमा विभाजन भएपछि तेस्रो शक्तिको भूमिका नै कमजोर भयो । सार्वजनिक स्वास्थ्य तथा शिक्षा, विकास पूर्वाधार, प्रविधि, परिवर्तन र आधुनिकताका लागि वामपन्थीको कमजोर ध्यान तथा कमजोर नोकरशाहीतन्त्रले दिएको दुःखबाट त्राण नमिलेका कारण पनि वामपन्थीको हार भएको हो ।

जनसम्पर्क विच्छेद भएका कारण भएको यस्तो हार तबसम्म रोकिँदैन, जबसम्म द्रुतरूपमा बदलिँदै गएको मतदाताको भावनामा एकाकार हुँदै वामपन्थी आफूलाई बदल्दैनन् । विश्वव्यापी रूपमा कम्युनिस्टहरूले पाएको धक्का नै भारतमा विशेषगरी पश्चिम बंगालमा वामपन्थीको हार हुनु प्रमुख कारण हो भनेर मान्न सकिँदैन । यसलाई साम्यवादी विचारधाराको पतन भनेरै अर्थ्याउन पनि मिल्दैन । द्वन्द्वात्मक भौतिकवादी नियममा कुनै पनि वस्तुको विकास वा ध्वंशमा बाह्यभन्दा आन्तरिक कारण बढी हुन्छ ।

भारतमा वामपन्थीको हारमा पनि आन्तरिक कारण नै प्रमुख छन् भनेर मान्नुपर्छ । श्रमप्रति घृणा, श्रमिकप्रति अनुदार र निजीकरणप्रति मायामोह कम्युनिस्टमा देखिन थालेमा उनीहरूको पतन अनिवार्य छ । हारपछिका वाम दलहरूको प्रतिवेदनमा सांगठानिक कमजोरी, खुकुलो सदस्यताको प्रावधान, पार्टी सदस्य तथा तल्ला कमिटीहरूको निष्क्रियता, पार्टी सदस्यहरूलाई आवश्यक तालिम, प्रशिक्षण आदिको पर्याप्त व्यवस्था नहुनु आदि कमजोरी देखाइएका छन् । यी कुराहरू सतही लाग्छन् । पुस्तान्तरणको प्रश्नलाई पनि ठीकसँग हल गर्न नसकेका कारण वामपन्थीप्रति युवाको आकर्षण नभएको मान्नुपर्छ । तसर्थ, भारतका सबै दल जस्तै वामपन्थीहरूले पनि निर्मम समीक्षा गर्न आवश्यक छ भने नेपालका कम्युनिस्टले पनि यसबाट शिक्षा लिन जरुरी छ ।

tirthakharel2028@gmail.com

युवाहरूको आकांक्षा र भारतीय राजनीतिमा महत्त्वपूर्ण मानिने जातीय मुद्दालाई बुझ्न नसक्नु हो । पश्चिम बंगालमा वामपन्थीहरूले तीन दशकभन्दा बढी लामो समय शासन गरेका थिए । जहाँ शुरुका केही वर्ष राम्रो भए पनि पछिल्लो खण्डमा भ्रष्टाचार र बेथिति व्यापक थियो । त्यसमाथि उनीहरूले युवाहरूको आकांक्षा र जातीय मुद्दालाई कहिल्यै ध्यान दिएनन् । यही कुरा सन् २०१४ को चुनावमा कंग्रेसले इतिहासकै नमीठो हार व्यहोर्नुमा पनि देखिन्छ । कंग्रेस आईले जातीय मुद्दालाई प्राथमिकतामा नराख्नुले चुनावी हार भएको देखिन्छ । यसका साथै पूँजीवादीहरूले विश्वव्यापी रूपमा वामपन्थीबिरुद्धमा गरेको दुष्प्रचार पनि जिम्मेवार रहेको छ ।

आजको शून्य मतपरिणाम हात पार्नुका पछि धरातलीय यथार्थ र भुइँमान्छेबाट वामपन्थी दलहरू विच्छेद हुनु नै पहिलो कारण हो । यसको मुख्य जिम्मेवारी पार्टीमा उच्च पदासीन नेतृत्व नै हुन् भन्नेमा द्विविधा छैन । आत्मकेन्द्रित, स्वार्थी, पदलोलुप, भ्रष्ट, पार्टीलाई विचारधारा आधारित मात्र बनाएर चुनाव जितिदैन । पार्टीलाई कार्यकर्ता आधारित मात्र होइन, जनआधारित पनि बनाउन आवश्यक छ । भारतीय कम्युनिस्टले सैद्धान्तिक शुद्धताका नाममा सामाजिक-आर्थिक मुद्दाहरूलाई विचारधाराले डोऱ्याउनुपर्नेमा विचारधाराको बढी प्रचारप्रसार भयो, जनताका समस्या र तिनका समाधानका उपायसम्बन्धमा कम ध्यान गयो । वामपन्थीहरू सैद्धान्तिक शुद्धताको हिमायती मान्छन् आफूलाई, तर दलीय स्वार्थका लागि, व्यक्तिगत स्वार्थका लागि जुनसुकै दलसँग पनि गठबन्धन बनाउने परिपाटीको तीव्र विकासले पनि भारतीय वामपन्थीप्रतिको जनतामा विश्वासमा कमी आएको हो । प्रगतिशील नीति तथा कार्यक्रमका माध्यमबाट जनतालाई गोलबन्द गर्नका साटो सैद्धान्तिक विषयवस्तुको चुनावी नारा बनाएका कारण वामपन्थीहरूले भारतमा हार व्यहोरिरहनु परेको भारतीय विश्लेषकहरूको दावा छ ।

साढे तीन दशकको समय पाउँदा पनि पश्चिम बङ्गालका वामपन्थीले समाजवादी नीति लागु गरेनन् ।

डेरी उद्योगद्वारा ६३ जना किसान सम्मानित

युद्धबहादुर बोहोरा

इलाम, असार १०। देउमाई नगरपालिका-१ नम्बर वडास्थित मैदानेका ६३ जना पशुपालक कृषकले एक लाख ८२ हजार दुई सय १४ लिटर दूध उत्पादन गरेका छन् ।

छ महिनामा उत्पादन गरेको दूधको तथ्याङ्कका आधारमा सोही वडामा सञ्चालित दुर्गा डेरी उद्योगको आयोजना तथा कृषि ज्ञान केन्द्र इलामको सहयोगबाट किसानलाई सम्मान गरेको हो ।

कोशी प्रदेश सरकारबाट दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम अन्तर्गत प्रतिलिटर दुई रुपैयाँका दरले रकम उपलब्ध गराएको छ । सार्वजनिक सुनुवाई गर्दै जम्मा रकम तीन लाख ६४ हजार दुई सय २८ रुपैयाँ वितरण गरिएको उद्योग सञ्चालक केदारसिंह बस्नेतले जानकारी दिए । पाँच हजार लिटरभन्दा बढी दूध उत्पादन गर्ने सञ्चालक बस्नेतसहित चार जना र अन्य ५९ जना किसानले त्यसभन्दा मुनि उत्पादन गरे तापनि जम्मा गरेको दूधको हिसाबले अनुदान पाएका छन् ।

केशव श्रेष्ठले पाँच हजार पाँच सय ८० लिटर उत्पादन गरेर ११ हजार एक सय ६० रुपैयाँ पाएका छन् । चुडामणि बस्नेतले छ हजार ५० लिटरको १२ हजार एक सय रुपैयाँ, ताराबीर बस्नेतले १० हजार एक सय तीन लिटर दूध उत्पादन गर्दै २० हजार दुई सय छ रुपैयाँ र उद्योग सञ्चालक बस्नेतले १६ हजार छ सय ८० लिटर उत्पादन गरेर ३३ हजार तीन सय ६० रुपैयाँ बराबरको अनुदान प्राप्त गरेका हुन् ।

किसान प्रोत्साहन तथा सार्वजनिक सुनुवाई कार्यक्रमका प्रमुख अतिथि वडाध्यक्ष मीनराज श्रेष्ठ विशेष अतिथि वडा सदस्य केशरबहादुर पौडेलले पशुपालन व्यावसायमा उत्साह जगाउँदै आधुनिक किसिमले उन्नत जातका गाई पालेर अनुदान रकम भित्र्याउन सफल बनेका उद्योग सञ्चालक बस्नेत लगायत सबै किसानलाई धन्यवाद तथा शुभकामना दिँदै प्रशंसापत्र प्रदान गरेका थिए ।

चार वर्ष वैदेशिक रोजगारमा बसेर घर फर्किएपछि उद्योग सञ्चालक बस्नेतले शुरूमा दुईवटा गाईबाट पेशा थालेका थिए । उनका बुबा पहिलेदेखि गाईवस्तु पालनमा निकै चासो राख्ने र गाउँमा उन्नत जातका पशु भित्र्याउने उनको चाहानाबाट प्रेरित भएको कहानी उनले बताए । बस्नेत गाउँमै स्वरोजगार बन्ने उद्देश्यले २०७६ सालमा उद्योग दर्ता गरी व्यावसाय सञ्चालन गरे । यतिबेला उनको फर्ममा २० वटाभन्दा बढी गाई छन् ।

दैनिक एक सय ५० लिटर दूध उत्पादन गर्दै आएको बताउँछन् । उनले डेरी उद्योग पनि दर्ता गरेका छन् । डेरीमा स्थानीय किसानले दैनिक दूध भर्ने र त्यसको मासिम रकम उनले घ्यू र छुर्पी बेचेर दिने गरेको बताए । डेरी र गाई फर्मको सबै खर्च कटाएर मासिक एक लाख रूपैयाँ आम्दानी हुने त्यसबाट परिवारमा घरखर्च र छोराछोरी पढाउन मनग्य पुग्ने उनको भनाई छ । यस फर्मबाट उन्नत जातका गाई, बाछा, बाछी, ब्युको लागि गोरु पनि बिक्री गर्ने गरेको उनले बताए ।

गोठ सुधार, गाईवस्तु खरिद र डेरी उद्योगका लागि सामग्री खरिदमा उनले करिब ५० लाख लगानी गरेको जनाए । यस क्षेत्रका किसानहरु पहिल्यैदेखि पशुपालन व्यावसायमा लागरे दूध उत्पादन गर्दै आएको थिए । तर, अहिले जस्तो नयाँ प्रविधिबाट घ्यू, छुर्पी बनाउने, घाँस, दाना, खानेकुरा र बजारीकरणमा उचित व्यवस्थापन नहुँदा किसानमा उत्साह थिएन ।

आजभोलि उद्योग सञ्चालक बस्नेतले यसै पेशाबाट घरमै आम्दानीको स्रोत जुटाएर उदाहरणीय बन्न थालेपछि उनी जस्तै यस गाउँमा अन्य युवाहरु पनि पेशामा आबद्ध हुन थालेको वडाध्यक्ष श्रेष्ठले बताए । बस्नेत एक सफल उद्यमीको रुपमा परिचित भएसँगै उनको फर्म हेर्न र पशुपालन सम्बन्धी अनुभव लिन आउनेहरु बढ्न थालेका छन् ।

पछिल्लो समय लम्पी स्किन रोगले किसानका गाई विरामी हुने र मर्न थालेपछि आम्दानीको स्रोत गुम्ला कि भन्ने पीडा पनि उनीहरुलाई उत्तिकै छ । पशु चौपायका लागि आगामी नीति तथा कार्यक्रममा देउमाई नगरपालिकाले २५ लाख रुपैयाँ उपचार खर्च विनियोजन गरेको वडाध्यक्ष श्रेष्ठले जानकारी दिए । स्थानीय सरकारको क्षमताले भ्याएसम्म किसानको समस्यामा साथ दिने उनले प्रतिबद्धता जनाए ।

बलात्कार अभियोगमा पक्राउ

झापा, असार १०। १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा उदयपुरगढी गाउँपलिका-८ केवरपानी बस्ने ४७ वर्षीय टेकमान मोक्तान (तामाङ)लाई प्रहरीले पक्राउ गरेको छ ।

टेकमानले ती बालिकालाई सोही ठाउँ गडेरेस्थित झाडीमा लगि जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा अस्थायी प्रहरी पोष्ट नेपालटारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घटनाबारे थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

‘युवामा पठन संस्कृति आवश्यक’

सुरुङ्गा, असार १०। डाइनामिक पब्लिक लाइब्रेरी नेपालको आयोजनामा पठन संस्कृतिको विकास सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ ।

डाइनामिक पब्लिक लाइब्रेरी टिन्स बोर्ड दमकको संयोजनमा भएको कार्यक्रममा युवाहरूमा पठन संस्कृतिको विकाससँगै सकारात्मक सोचको विकास हुनु आवश्यक रहेकोमा जोड दिइएको थियो । पठन संस्कृति र सकारात्मक सोचले मात्र सभ्य र सु-संस्कृत युवा नेतृत्वको विकास हुनेमा सहजकर्ताको जोड थियो । डाइनामिक पब्लिक लाइब्रेरी टिन्स बोर्ड दमकका अध्यक्ष पूर्णिमा तिम्सिनाको अध्यक्षतामा भएको नेतृत्व विकास तालिममा एक सय जनाको सहभागिता रहेको थियो ।

दमक नगरपालिकाका उपमेयर रेगिना भट्टराई (प्रसाई)को प्रमुख आतिथ्य र डाइनामिक पब्लिक लाइब्रेरी नेपालका संस्थापक अध्यक्ष भेषराज न्यौपानेको विशेष आतिथ्यमा भएको कार्यक्रममा डाइनामिक पब्लिक लाइब्रेरी नेसनल बोर्डका अध्यक्ष विनोद उप्रेती, नेसनल बोर्ड उपाध्यक्ष अनु भण्डारी, महासचिव लक्ष्मी न्यौपाने लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा डाइनामिक पब्लिक लाइब्रेरी नेपालका अध्यक्ष प्रवेश दुलालले सहजीकरण गरेका थिए । युवालाई शिक्षा र चेतनाका माध्यमबाट सशक्तिकरण गर्ने उद्देश्यका साथ डाइनामिक पब्लिक लाइब्रेरी नेपालको १५ वर्षअघि स्थापना भएको हो ।

उक्त कार्यक्रममा डाइनामिक पब्लिक लाइब्रेरी नेपालका विभिन्न शाखा तथा दमक नगरपालिकाका विभिन्न विद्यालय तथा क्लबबाट प्रतिनिधित्व रहेको डाइनामिक पब्लिक लाइब्रेरी टिन्स दमकका सदस्य जेनिश चम्लागाईंले जानकारी दिए । कार्यक्रम डाइनामिक पब्लिक लाइब्रेरी टिन्स बोर्ड दमकका महासचिव शुभम् सिग्देलले सञ्चालक गरेका थिए ।

ज्येष्ठ नागरिकलाई घरमै राहत पुऱ्याउँदै वडाध्यक्ष

विनोद सापकोटा

शिवसताक्षी, असार १०। पूर्णबहादुर तिम्सिना अरूले बोलेको त्यति धेरै सुन्दैनन् । ७१ वर्षीय उनको कान छेउमा गएर बोलायो भने मात्र सुन्छन् । अनि सकेको जवाफ र दोहोरो कुराकानी गर्छन् ।

शिवसताक्षी नगरपालिका वडा नम्बर ६ हल्दिबारीका पूर्णबहादुर आठ वर्षदेखि घरमा एक्लै छन् । उनलाई सघाउने कोही छैन । आफैं पकाउने, खाने, भाडा धुने, घरमा पालेको गाईको हेरचाह गर्दै उनको दिनचर्या बित्ने गरेको छ ।

श्रीमतीले १८ वर्ष अगाडि दोस्रो विवाह गरेपछि उनी एक्लिएका थिए । छोराछोरी उनीसँगै थिए । हुर्किएपछि छोराहरू आमासँगै गए । छोरीको बिहे भयो । पूर्णबहादुरकी छिमेकी तथा वडा सदस्य गीता दर्जीले भनिन्- ‘छोरी थिइन्, ८ वर्षअघि उनको बिहे भएपछि उनी एक्लै भए ।’ अहिले दमकमा रहेकी तिनै छोरीले बाबुको हेरचाह र अन्नपातको जोहो गर्दै आएकी छन् ।

यसैक्रममा वडा नम्बर ६ का अध्यक्ष मनोज खुलाल नेतृत्वको वडा कार्यपालिकाको टोली एक्कासी उनको घर पुग्यो । पूर्णबहादुर एकछिन त अक्क न बक्क भए । वडाध्यक्ष खुलालले ‘के छ बा खबर’ भनेर सोधे । उनले सुनेनन्, जवाफ फर्काएनन् । कान छेउमा पुगेर खुलालले फेरि सोधे । अनि पूर्णबहादुरले भने- ‘सबै ठीक छ । मच्छडले टोकेर हैरान बनायो । बसिसक्नुभएन । मच्छड धपाउने केही उपाय भए सिकाइ दिनुपऱ्यो ।’

वडाध्यक्ष लगायतको टिमले जेष्ठ नागरिकलाई राहत लिएर गएको थियो । राहतका सामग्रीमा झुल पनि छ भन्ने उनले ठानेका थिएनन् । झोलाबाट किटनासक झुल निकाल्दै वडाध्यक्षले भने- ‘यो झुल दियौं भने हुन्छ ?’ मच्छडको टोकाइले दुःखले रात बिताइरहेका पूर्णबहादुर भने- ‘मेरी आम्मै ! किन नहुनु ! यही झुल किन्ने पैसा पनि थिएन । धन्न जानेर ल्याइदिनुभएछ । रातभर मेरो बुढो शरीरको रगत चुसेर बाँचेका मच्छड अब मर्ने भए । म चाहिँ बाच्ने भएँ ।’

वडाले गाउँमा खबर नगरी ज्येष्ठ तथा विपन्नका घरघरै राहतका सामग्री पुऱ्याएको थियो । खाना पकाउने प्रेसर कुकर, छाता, झुल, फाइबर सिरक, डबल बेडको तन्ना, बिस्कुट लगायत सामग्री वितरण गरेको थियो ।

वडाको यो कार्यक्रम एक लाख रूपैयाँ बजेटमा सञ्चालन भए पनि यसको प्रभाव पैसामा तुलना गर्नै नसकिने शिवगञ्जका स्थानीय गोकुलप्रसाद विमलीले बताए ।

‘वास्तविक विपन्न र ज्येष्ठ नागरिकको पहिचान गरेर घरघरै राहत पुऱ्याउन जानु विपन्नको वास्तविक अभिभावक घाषित हुनु हो’ -उनले भने । कुनै न कुनै कारणले अशक्त भएका वडाका २० परिवारले राहत पाए । ७५ वर्ष उमेर पुग्दा पनि पूर्णी ऋषिदेवले वडाले दिएजस्तो सिरक देखेकी थिइनन् । उनले सिरक पाएपछि वडाध्यक्षलाई ‘यो के हो’ भनेर सोधिन् । ‘जाडोमा ओढ्ने सिरक ल्याइदिएको’ -वडाध्यक्षले भने । उनको कुरा सुनेर दंग परेकी पूर्णीले भनिन्- ‘यो नयाँ सिरक थन्क्याएर राख्ने बाँचेछु भनेपछि जाडो लागेपछि निकालेर ओढ्ने ।’

वडाले राहत दिएका सबै परिवारको आर्थिक अवस्था निकै कमजोर छ । उनीहरूले घर खर्च चलाउन निकै गाह्रो भएको गुनासो गरे । ‘छोराछोरीले वास्ता गर्दैनन् । सामाजिक सुरक्षा भत्ता वापत सरकारले दिने पैसाबाट घर खर्च चलाउँछौं’ -अर्की वृद्धा बसन्ती बंगालीले भनिन्- ‘आफ्नो घर जग्गा केही छैन । साहुको घरमा बसेर दाताहरूले दिएको खाँदै बाँच्नु परेको छ ।’ राहत पाउने सबै परिवार वडासम्म आउन नसक्ने असक्त हुन् । त्यही भएकाले घरमै पुगेर प्रदान गरिएको वडाध्यक्ष खुलालले बताए ।

विपन्नको पीडा बुझ्न, ज्येष्ठ नागरिकलाई सम्मान गर्न, उनीहरूको आर्थिक, सामाजिक, भौगोलिक, सांस्कृतिक, शिक्षा, स्वास्थ्य लगायतका विषय पनि बुझ्न घरैमा पुगेको वडाध्यक्षले बताए ।

वडा सचिव विमल बाँस्कोटाका अनुसार १४ जातिका २० ज्येष्ठ नागरिकले राहत पाएका हुन् । वडाध्यक्षको नेतृत्वको राहत वितरण टोलीमा वडा सदस्य गोमा रिजाल, गीता दर्जी, नरेन्द्र बस्नेत, गंगा ताजपुरिया र वडाकी कर्मचारी अनिता चोधरी पनि थिइन् । उनीहरुले हिलाम्ये सडक र साप्ताहिक विदा शनिवारको पर्वाह नगरी चर्को घाममा लक्षित समुदायका ज्येष्ठ नागरिकलाई राहत वितरण गरेका थिए ।

प्लाइउड उद्योगभित्र भारतीय मजदुर मृत फेला

भद्रपुर, असार १०। भद्रपुर-८ स्थित जनता चोक छेउ रहेको एसियन प्लाइउड उद्योग (अन्तर्पूर्ण पलाई)मा एकजना भारतीय मजदुर मृत अवस्थामा फेला परेको छ ।

मृत्यु हुने मजदुर भारत किसनगञ्ज जिल्ला गलगलिया- ३ भादगाउँ निवासी ५३ वर्षीय मोहम्मद हफिज उदीन रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । उनी विगत पाँच वर्षदेखि एसियन प्लाइउड उद्योगमा कार्यरत थिए । शुक्रबार राति अबेरसम्म काम गरेर उद्योगभित्र रहेको कोठामा उनी सुत्न गएका थिए ।

शनिबार दिउँसो ३ बजेसम्म घर नगएपछि उनका छोरा मोहम्मद सबिर बुबालाई खोज्न उद्योग पुगेका थिए । उद्योगको कोठामा गएर हेर्दा ओछ्यानमा सुतेको अवस्थामा बुबा मृत देखेपछि उनले तत्काल सबैलाई जानकारी गराएका थिए ।

त्यसपछि वडा प्रहरी कार्यालय भद्रपुरका इन्स्पेक्टर सन्तोषकुमार बुढाथोकीसहितको टोली तत्काल घटना स्थल पुगेका थिए । शवको कानूनी प्रक्रिया पूरा गरी प्रादेशिक अस्पताल भद्रपुरमा पोस्टमार्टम गरी परिवारजनलाई जिम्मा लगाइसकेको प्रहरीले जनाएको छ ।

उद्योगको कोठाभित्र मजदुर मृत भेटिए पनि उद्योग सञ्चालक र व्यवस्थापन पक्षले थाह नपाउनु घटनाले मजदुर पक्षका आफन्तजन आक्रोशित बनेका थिए ।

उद्योग सञ्चालक र व्यवस्थापन पक्षको लापरवाहीका कारण मजदुर उदीनको मृत्यु भएको आफन्तजनहरूको भनाइ छ । घटनाको बारेमा छानविन गर्न उनीहरूले प्रहरीसँग माग समेत गरेका छन् ।

जापानमा ८४,९१० जना बेपत्ता

झापा, असार १०। जापानमा हराउने व्यक्तिहरूको संख्या बढ्दै गएको पाइएको छ ।

यस्ता व्यक्तिको संख्या सन् २०२२ मा लगातार दोस्रो वर्ष ८४ हजार नौ सय १० पुगेको छ । जापानको राष्ट्रिय प्रहरी एजेन्सीले जनाए अनुसार यो संख्या अघिल्लो वर्षको तुलनामा पाँच हजार छ सय ९२ ले वृद्धि भएको देखिन्छ ।

बेपत्ता हुनेहरूको उमेर समूहमा २० वर्ष आसपासका सबैभन्दा बढी छन् । यो समूह कुल बेपत्ताको लगभग ४० प्रतिशत छ । यस अवधिमा देशमा डिमेन्सिया (विस्मृतिग्रस्त) भएका वा यस्तै किसिमका विकार भएको आशङ्कामा १८ हजार सात सय नौ जना बेपत्ता भएको प्रतिवेदनमा उल्लेख छ ।

ती मध्ये धेरै व्यक्तिहरू डिमेन्सियाका कारण उद्देश्यविहीन भौंतारिएपछि हराएको उल्लेख गरिएको थियो ।

‘हामी नामले होइन कामले चिनाउने प्रतिबद्धता गर्दछौं’
MOBHI KOREAN LANGUAGE CENTER
भाषा प्रशिक्षण केन्द्र
२०२३ मा १००% विद्यार्थी पास गराउन सफल
यहाँ Warrently Class पढाउनुको साथै Free Online Class को पनि व्यवस्था छ ।
प्रशिक्षक
मोहन सिहं लिम्बू
9816064920 / 9862034392
छात्रा विशेषताहरू
१) शान्त वातावरणमा पठनपाठन
२) सीमित विद्यार्थीबीच कक्षा सञ्चालन ।
३) डबल क्लास तथा फ्रि अनलाइन कक्षाको सुविधा ।
सम्पर्क कार्यालय: बुधबारे, पुलचोक । शाखा कार्यालय: चारआली, बिर्तामोड ।
नोट: २०२४ को लागि कक्षा सञ्चालन भइरहेको छ ।
इच्छुक महानुभावले चाडै सम्पर्क गर्नुहोला ।
समय: बिहानको ५:०० बजेदेखि बेलुका ६:०० बजेसम्म

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

घरजग्गा बिक्रीमा
झापाको अर्जुनधारा-४ भाडबारी चिउरा मिल नजिक लक्षपुरबाट साधुटार जोड्ने पिच बाटोबाट २०० मिटरभित्र रहेको १ कट्ठा जग्गामा बनेको टिनको छाना भएको घर तु-बिक्रीमा छ ।
सम्पर्क : ९८०६०७९३३३

डिजिटल तराजु
विशेष छुटमा

Barnet Weighing Scale
सुरक्षा कनपा-३, झापा
Mob. 9810405794, 9802742456

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५
नोट: आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेडुसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो.९८०३२५०४७२, ९८०१३६४०९३

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३९५४६१९)

THAKUR POLYCLINIC
ORTHOPEDIC SPINE AND ENDOSCOPIC SPINE SURGEON FROM
NEPAL MEDICITI HOSPITAL KATHMANDU
-MS ORTHOPEDICS SURGERY (KMC)
-FELLOWSHIP IN SPINE SURGERIES (INDIAN SPINAL INJURY CENTRE , NEW DELHI)
-ENDOSCOPIC SPINE SURGERIES (RAIPUR , INDIA)

DR. JITENDRA THAKUR
NMC no : 9733
के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?
> हात खुट्टाको हड्डी भाचिएको
> घुडा तथा अरू जोनीको दुखाइ
> ढाड तथा कम्मर दुख्ने
> हात खुट्टा दुख्ने र झम झमाउने
> गर्दन दुख्ने र हात झममझमाउने
> ढाडको हड्डी भाचिएको र नशा च्यापिएको
आउने समय
असार १६ गते शनिबार, बिहान ९:०० बजेदेखि ५:०० बजेसम्म
अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
(+977)023-590008
(+977)9817964771
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)

विशेष उपचार अब बिर्ता आयुर्वेदमा
ढाड, कम्मर, गर्दन, प्यारालाइसिस, पायल्स, फिस्टुला, ग्यास्ट्रिक, पिनास, कोलेस्ट्रोल, पत्थरी, जन्डिस लगायत सम्पूर्ण रोगको उपचार ।
सम्पर्क
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोन: ०२३-५३२३६६, ५९०१६६
मोबाइल : ९८०६०००३१३

सर्पदंशबारे जानकारी

वर्षायाम सुरू भएसँगै सर्पदंश (सर्पको टोकाइ)को सम्भावना बढी हुन्छ । विषालु सर्पको खतरा विशेष गरी तराई क्षेत्रमा अत्यधिक रहने भएकाले सबैले सावधानी अपनाऔं ।

सर्पले टोकेमा के गर्ने ?

- बिरामी आत्तिएर अन्य समस्या देखिन सक्छन् तसर्थ बिरामीलाई शान्त पार्नुपर्छ । सबै सर्प विषालु हुँदैनन् भनेर बुझाउनुपर्छ ।
- बिरामीलाई सजिलो हुने गरी भुइँमा सुताएर लुगा खुकुलो बनाउनुपर्छ । टोकेको ठाउँ वरिपरि प्रेसर ब्यान्डेज लगाउन सकिन्छ । घाउ बढी चलाउनु हुँदैन । चलाएमा विष मांसपेशीमार्फत रगतमा मिसिन सक्ने भएकाले सजग हुनुपर्छ ।
- टोकेको सर्पलाई मार्नतर्फ लाग्नु हुँदैन । मार्न थाल्दा अन्य दुर्घटना निम्तिन सक्छ ।
- टोकेको ठाउँमा रबर वा डोरीले कडा गरी बाँध्नु हुँदैन, ताकि रक्तसञ्चारमा अवरोध नआओस् ।
- घाउमा कुनै पनि औषधि वा रसायनको प्रयोग गर्नुहुँदैन ।
- सकेसम्म छिटो स्वास्थ्य संस्थामा लैजानुपर्छ । बिरामी सम्हालिन गाह्रो हुने भएकाले अरू पनि साथमा जान आवश्यक हुन्छ ।

टोकाइबाट बच्ने उपाय

- घर तथा खेल मैदान वरिपरि सफा राख्ने तथा झाडी, ढुंगा, हिलो तथा पातको थुप्रो बनाएर नराख्ने ।
- ढुंगा वा कुनै वस्तु थुपारेर राखेको ठाउँमा काम गर्दा सजग हुने।
- खुला ठाउँ तथा भुइँमा सकभर नसुत्ने र सुतेमा अनिवार्य झुल लगाउने गर्नुपर्छ ।
- खेतबारी वा बाहिर काम गर्दा शरीर पूरै छोपिने लुगा लगाउनुपर्छ ।
- राति अँध्यारोमा हिँड्दा सजग हुनुपर्छ । सकभर बत्ती बालेर वा लौरो टेकेर हिँड्नुपर्छ ।
- सर्प हुन सक्ने ठाउँबारे बालबालिकालाई सचेत गराउनुपर्छ। त्यस्तै, विषालु सर्पको टोकाइबाट हुन सक्ने समस्याबारे जानकारी दिनुपर्छ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झापा, कोशी प्रदेश, नेपाल

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
धार्मिक तीर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
घरबाट कहीं रमाइलो यात्राको तय हुनेछ, साथीभाइले साथ दिनेछन् मनोरञ्जनमा ध्यान जानेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
मुखमा चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नुहोला, पारिवारिक सहयोग मिल्ने छैन, मनमा खिन्नता पैदा हुनेछ ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तम सिद्धी रहेको छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।